श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

आवश्यक सेवा संचालन ऐन, २०१४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आवश्यक सेवाका कर्मचारीहरूले हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ।

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार–पसार गर्ने यातायात सेवा,

३. हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको संचालन वा मरमत गर्ने कामसित सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार–पसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसित सम्बन्धित सेवा,

५. विद्युत् संचालन तथा वितरण सेवा,

६. खानेपानीको संचालन तथा वितरण सेवा,

७. बैंकिङ्ग कारोवारसम्बन्धी सेवा,

८. वारूणयन्त्रसम्बन्धी सेवा,

९. पेट्रोलियम पदार्थको आयात तथा वितरणसम्बन्धी सेवा,

१०. खाद्य पदार्थको आयात तथा वितरणसम्बन्धी सेवा, र

११. अस्पताल, स्वास्थ्य केन्द्र र औषधी निर्माण तथा बिक्री–वितरणसम्बन्धी सेवा.

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।